# प्रेस नोट

## राष्ट्रिय जनगणना २०७८ को सन्दर्भमा अन्तक्रिरया गोष्ठी

### भरतपुर, चितवन

२०७६ बैशाख २२ गते आइतबार

देशभरी अक्सर (सामान्यतया) बसोबास गरेका सबै परिवारको घरदैलोमा पुगी निर्धारित समयभित्र परिवार र परिवारका सबै व्यक्तिहरूको जनसाङ्ख्यिक, सामाजिक तथा आर्थिक विवरणहरू संकलन, प्रशोधन, सारिणीकरण एवं प्रकाशन गर्ने समष्टिगत प्रक्रियालाई "जनगणना" भनिन्छ । जनगणनाबाट संकलन भएका तथ्याङ्क देशको सामाजिक तथा आर्थिक विकासका लागि योजना तर्जुमा, अध्ययन एवं अनुसन्धान गर्न प्रयोग गरिने आधारभूत तथ्यांक भएकाले राष्ट्रिय जनगणनालाई एक महत्वपूर्ण राष्ट्रव्यापी कार्यको रूपमा लिइन्छ । । नेपालमा पहिलो जनगणना वि.स. १९६८ सालमा भएको थियो भने त्यसपछि प्रायः १०-१० वर्षको अन्तरालमा जनगणना हुने क्रममा वि.सं. २०७८ सालमा नेपालको बाह्रौ राष्ट्रिय जनगणना सञ्चालन हुँदैछ ।

आगामी राष्ट्रिय जनगणनाको सञ्चालन र व्यवस्थापन तथा तयारी योजना लगायतका विविध विषयगत प्राविधिक पक्षमा प्रारम्भिक मार्गचित्र जानकारी गर्नुका साथै संघीय संरचनामा तीनवटै सरकारको भूमिका, सरकारलाई आवश्यक पर्ने सूचना तथा तथ्यांक र प्रश्नावलीमा सुधार आदिका बारेमा  छलफल तथा अन्तरक्रियाबाट सुझाव एव्म पृष्ठपोषण संकलन गर्ने प्रमुख उद्‌देश्य रहेको छ । त्यसैगरी आगामी जनगणनको बारेमा आमजनसमुदाय तथा सरोकारवालाहरु समक्ष प्रसार प्रसार तथा पैरवी गर्नु यस कार्यक्रमको दोश्रो उद्‌देश्य रहेको छ ।

नेपालको संविधान, २०७२ ले जनगणना र यसबाट प्राप्त हुने तथ्यांकलाई संविधान कार्यान्वयनमध्ये एउटा आधार मानेको छ  । जसअनुसार राज्यले जनसांख्यिक तथ्यांकलाई अद्यावधिक गर्दै राष्ट्रिय विकास योजनासँग आबद्ध गर्ने नीति लिएको (धारा ५४ (च)(८), प्रतिनिधि सभा तथा प्रदेश सभाको क्षेत्र निर्धारणको लागि भूगोल र जनसंख्यालाई महत्वपूर्ण आधार मानेको (धारा ८४, धारा १७६ र धारा २८६(५)) र केही मौलिक हकको कार्यान्वयन तथा समानुपातिक र समावेशी सिद्धान्तको प्रमुख एक आधार जनसंख्या तथ्यांकलाई मानेको छ (विभिन्न धारा तथा मौलिक हकहरु) । त्यसैगरी नेपाल सरकारले प्रत्येक १०।१० बर्षमा राष्ट्रिय जनगणना गर्नेछ भन्ने प्रावधान संविधानमा उल्लेख भएको छ (धारा २८१) । नेपालमा संघीय शासन अवलम्वन पछिको पहिलो ऐतिहासिक जनगणनाले संघ, प्रदेश र स्थानीय तह अनुसार र राष्ट्रिय आवश्यकताअनुसार खण्डिकृत तथ्यांक उपलब्ध गराउनु केन्द्रीय तथ्यांक विभागको लागि एक अवसर र चुनौति रहेको छ  ।

कार्यक्रममा मूख्यरुपमा प्रस्तुति तथा छलफल अन्तरकृया समेत गरिएको थियो । केन्द्रीय तथ्यांक विभाग जनसंख्या शाखाका निर्देशक श्री ढुण्डीराज लामिछानेले जनगणनाको ऐतिहासिक पृष्ठभूमी, संबैधानिक महत्व, दिगो विकासका सूचकहरुको आधार, आर्थिक समृद्धि र सुखी नेपालीको अनुगमन तथा मूल्यांकनका आधार, आगामी जनगणनाको तयारी योजना सहित संगठन संरचना, जनगणना प्रयोग गरिने विधि र प्रविधि, प्रचार प्रसार र पैरवी, तालिम आदि योजनाहरु र संघीय संरचनामा जनगणना सञ्चालनमा

आईपर्ने समस्या, यसको अवसर र चुनौति तथा राष्ट्रिय जनगणना २०७८ का प्रस्तावित प्रश्नावलिका अन्तरवस्तु, संघीय संरचनामा अपेक्षित सूचकहरुका विषयमा विस्तृत प्रस्तुति गर्नु भएको थियो भने छलफल तथा अन्तत्रिया सत्रलाई तथ्यांक अधिकृत दीनानाथ लम्सालले प्रस्तुति र छलफलको सहजकर्ताको रुपमा सञ्चालन गर्नुभएको थियो ।

## विशिष्ट व्यक्तिको तथा सहभागिहरुको मुख्य सुझाव तथा जिज्ञासाहरु

**नगर प्रमुख श्री रेनु दाहाल, भरतपुर महानगरपालिका**

विषय विज्ञको रुपमा तथ्यांक विभागका निर्देशक ज्यूले अगामी जनगणनाको बारेमा प्रस्तुती गरी सक्नु भएको छ । त्यसको लागि वहाँलाई धन्यवाद । मेरो जनगणना मेरो सहभागिता नारा मन छुने खालको छ । हिजोको अवस्थामा केन्दीकृत सरकार थियो । २०६८ को जनगणनाले २६४९४५०४ रहेकोमा १० वर्ष पछि गुणात्मक दरले वृद्धि भएको छ । अनुमान गरेर योजना बनाउने परिपाटी रहेको छ भने आगामी २०७८ सालको जनगणनाबाट यथार्थपरक, विभिन्न जाती, भाषा, लिंग, क्षेत्रको बास्तविक डाटा आउने छ । तथ्यमा आधारित भएर योजना बनाउन सकिने छ । स्थानीय सरकार जनतासँग प्रत्यक्ष सरोकार राख्ने भएकोले स्थानीय सरकारले सहकार्य हुनेछ भन्ने आश्वस्त पार्न चाहन्छ । हचुवाको भरमा गरिने Planning ले उपलब्धी हाँसिल हुन सकेको छैन । महानगरपालिकाले पनि घरधुरी सर्वेक्षण संचालन भईरहेको छ । महानगरपालिकाको मष्कबकतभच उबिलक को योजनामा लागिरहको बेलामा तथ्यांक विभागबाट सहयोग होस् भन्ने चाहान्छु । ७ वटै प्रदेशबाट सञ्चालन भईसके पश्चात पहिलो पटक महानगरपालिकास्तरीय कार्यक्रममा भरतपुर महानगरपालिका छान्नु भएकोमा धन्यवाद । कार्यान्वयनको चरणमा पनि प्राथमिकतामा राख्नु होला । तथ्यांक कार्यालय अटुट रुपमा यस महानगरपालिकामा रहिरहोस् भन्ने चाहान्छु ।

**श्री नारायण वन, रत्ननगर नगरपालिका प्रमुख**

धेरे महत्वपूर्ण कार्यक्रम रहेको छ । २ वर्षको अवधिमा हामीले भोगेको समस्या भनेको डाटा रहेको छ । जति पनि एबिललष्लन गरेका छौ, २०६८ को जनगणनालाई आधार मानेका छौं । सुकुम्बासी कति छन् भनेर तथ्यांक संकलन गरी रहेका छौं । विकासको काममा डाटा चाहिने रहेछ त्यो हामीसँग छैन । म आउँदा मेरो नगरपालिकामा यस्तो अवस्था थियो र मेरो कार्यकालमा यतिले Improve गरे भनेर भन्ने ठाउँ नै छैन । डाटा विना मुलुक चल्न सक्दैन । हामीलाई पनि सहयोग गर्न हुडहुडी चलेको छ । ५ वर्षको अन्तरालमा यो यो क्षेत्रमा यो यो गरे भनेर भन्नको लागि आधार वर्षको Indicator र त्यसमा आधारित भएर Planning गरेर यो यो Improve ले यो यो गरे भनेर भन्ने सक्न अवस्था हुने थियो । १०-१० वर्षको जनगणना अलि बढी भयो होला ५-५ वर्षमा गर्न सके राम्रो हुने थियो । तथ्यांकमा आधारित भएर काम गर्न चाहान्छौं ।

**श्री जनक राज गिरी, नि. प्रमुख जिल्ला अधिकारी**

२ वर्ष अघि देखि छलफल अगाडी बढाई रहेका छौ । यो खुसीको कुरा हो ।  आवधिक योजना सफल नहुनुमा डाटा reliable नभएर नै हो । डाटा त्रुटी रहित नै चाहिन्छ । २०५८ मा आफै सुपरिवेक्षक भएर काम गरेको अवस्थामा एक ठाउँमा बसेर संकलन गरेको अनुभव छ । जे माध्यम प्रयोग गरे पनि व्यक्तिमा भर पर्दो रहेछ । आगामी दिनमा जनगणनाले ल्याउने तथ्यांकबाट Planning गर्दा महत्वपुर्ण भुमिका खेल्न सक्ने हुनु पर्दछ । कतिपय क्षेत्र छुटे जस्तो लाग्यो । ग्रामिण क्षेत्रका महिलाले गरेको काम GDP कहाँ आउँछ । समन्वयका अभावमा राम्रो डाटा आउन सकेको छैन । राष्ट्रिय परिचय पत्र लागु हुँदैन । त्यसले केही हकसम्म धैरै विषयबस्तु समेटेको छ । त्यो सँग समन्वय गर्न सकेपनि राम्रो हुनेछ । राष्ट्रिय योजना आयोगको योजनाले समेटेका विषयलाई कसरी आवद्धता गर्ने हो, CBS ले केही सोचेको होला ।

**श्री डिल्लीराज जोशी, उपमहानिर्देशक, केन्द्रिय तथ्यांक विभाग**

राष्ट्रिय जनगणना २०७८ को बारेमा विस्तृत बारेमा प्रस्तुत गरीसक्नु भएको छ । Sample प्रश्नावली राख्नु हुँदैन भन्ने कुरा Floor बाट पनि आयो त्यसमा के.त.वि. ले Sample विधि नअपाउने निर्णय गरी सकेको छ । National Data Profile को तयारी पुरा भएको छ । स्थानीय स्तरमा तालिम दिने कार्यक्रम रहेको छ । विभागले यसै आर्थिक वर्षमा नेपाल श्रमशक्ति सर्वेक्षण, राष्ट्रिय आर्थिक गणना, नेपाल बहुसुचकाँक सर्वेक्षण, नेपाल जीवनस्तर सर्वेक्षण सञ्चालन गर्दै आएको छ । यी सवै सर्वेक्षणको उद्देश्य स्थानीय स्तरमा डाटा उपलब्ध गराउनु रहेको छ । जनगणना स्थानीय स्तरले गर्ने भन्ने कुरा पनि आएका छन् जनगणना भनेको संघको अधिकार क्षेत्र भित्र रहेको छ भने यो अन्तराष्ट्रियस्तरमा तुलनायोग्य पनि हुनुपर्दछ । अवधारणा तथा परिभाषा अन्तरराष्ट्रियरुपमा मान्य भएको हुनुपर्नेछ । महानगरपालका र उपमहानगरपालिकाको लगत संकलन ट्यावलेटबाट गर्न सकिन्छ कि भनेर छलफल भईरहेको छ । अपांगता भएको व्यक्तिको बारेमा घरपरिवारबाट नै तथ्यांक लुकाउने गरेको पाइएको छ । घरपरिवारलाई नै awareness गर्नुपर्नेछ । पहिले ११ दिनमा जनगणनाको कार्यक्रम सम्पन्न हुन्थ्यो भने शिक्षक लिंदा विद्यालयको पढाईलाई अवरोध हुन्छ कि भन्ने लागेको छ । विद्यार्थीहरु प्रशस्त मात्रामा उपलब्ध भएको अवस्थामा विद्यार्थीबाट गणक तथा सुपरिवेक्षक भर्ना गर्दा पढाईमा असर पर्दैन कि भनेर हो । जनप्रतिनिधिले तथ्यांकको बारेमा चासो राख्नु भएको छ त्यस मानेमा तथ्यांक विभाग गर्व गर्दछ ।

कार्यक्रमका अन्य सहभागीबाट आएका जिज्ञासा तथा सुझावहरु

मोबाइल एप्लिकेशन बनाउन सकिन्छ, विगतको जनगणनाको प्रश्नावली हेर्दा Open Ended Questionnaire बढी भएको, विद्यार्थीलाई प्रोजेक्ट वर्क र मार्कको व्यवस्था गर्दा मोटिभेशन हुने, विगतमा error अलि बढी भएको हो कि, EA बनाउँदा अलि बढी ध्यान दिनु पर्ने, बेलैमा सशक्त ढंगले लाग्नुपर्ने,

age heaping अली बढी भएको, Fact उमेर भन्न नसक्ने, Date of Birth सोद्धा नै राम्रो हुने । २ किसिमको प्रश्नावली भएको देखिन्छ २ थरीका फाराम बनाउन हुँदैन । बेरोजगारीको मापदण्ड के हो ? Operational definition बनाउन पर्ने । २०६८ सालको जनगणनामा अपांगताको संख्या कम आएको । अपांगता भएको व्यक्तिको पहिचान हुनुपर्यो । १० वर्गमा बर्गिकरण भएको अवस्थामा कस्तो व्यक्तिलाई कुन अपांगतामा पर्दछ पहिले पहिचान हुनुपरयो । तालिमकर्तालाई नै थाहा हुनुपर्यो । घरपरिवारमा जाँदा सुपरभाईजरले नै अपांगता छ छैन भनेर एकिन गरिसक्नुपर्यो ।

मेरो जनगणना - मेरो सहभागिता भन्ने नारा मिठो छ । यो नारा संगसंगै काम पनि मिठा हुनुपर्ने । घरघरमा जाने गणक अति महत्वपूर्ण व्यक्ति हो जसले सहि जवाफ ल्याईदिए अत्यन्त राम्रो डाटा आउने, चौतारीमा बसेर लगत संकलन गरे राम्रो नहुने । गणकलाई ट्र्याकिङ गर्ने प्रणालीको प्रयोग गर्न सके प्रभावकारी हुने । सत्यतथ्य विवरण आएन भने विकास निर्माणमा असर गर्ने । जनगणनाको कार्य एक डेढ वर्षदेखि शुरु भएको छ यो विचमा केन्द्रिय तथ्यांक विभागले समन्यकारी भूमिका खेल्नुपर्ने ।

विगतका census हरु बढी प्रयोग गरेको । तर आगामी जनगणनामा शिक्षक प्रयोग गर्न हुँदैन भन्ने सुन्दा अचम्मित भएको । शिक्षकले राम्रो तथ्यांक ल्याउन सक्ने किनकी उनीहरु आफ्नो क्षेत्रका बासिन्दाको बारे राम्रो जानकार रहेको हुने । आफ्नो locality मा शिक्षक बढी जानकारी हुने । आगामी जनगणनामा पनि विगतमा जस्तै शिक्षकलाई समाबेश गराउन माग गर्दै शिक्षकहरुलाई समावेश गर्नुहुनेछ भन्ने कुरा माग गर्दछु । गणकलाई GPS सहित पठाउनु पर्ने ।

केन्द्रीय तथ्यांक विभाग र तथ्यांक कार्यालय चिवतनको संयुक्त आयोजनामा सञ्चालित कार्यक्रममा केन्द्रीय तथ्यांक विभागका उपमहानिर्देशक श्री डिल्लीराज जोशीको अध्यक्षतामा भएको थियो । कार्यक्रममा प्रमुख अतिथि भरतपुर महानगरपालिका नगर प्रमुख श्री रेनु दाहाल, विशेष अतिथिहरुमा रत्ननगर नगरपालिकाका नगर प्रमुख श्री नारायण वन, खैरहनी नगरपालिकाका नगर प्रमुख श्री लालमणी चौधरी, कालीका नगरपालिकाका नगर प्रमुख श्री खुम नारायण श्रेष्ठ, माडी नगरपालिकाका नगर प्रमुख श्री ठाकुर प्रसाद ढकाल, नि. प्रमुख जिल्ला अधिकारी श्री जनकराज पन्त, भरतपुर महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री नेत्र प्रसाद सुवेदी रहनुभएको थियो ।

यस कार्यक्रममा प्रमुख अतिथि, विशेष अतिथि लगायत करिव ११२ जनाको उपस्थिति रहेको थियो । यस कार्यक्रममा तथ्याङ्क कार्यालय, चितवनका त.अ. श्री जीवनाथ आचार्यले आमन्त्रित विशिष्ट महानुभाव तथा उपस्थित महानुभावहरुलाई स्वागत गर्नु भएको थियो भने केन्द्रीय तथ्याङ्क विभाग जनसंख्या शाखाका तथ्याङ्क अधिकृत श्री दीनानाथ लम्सालले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

नेपाल सरकार
राष्ट्रिय योजना आयोग
केन्द्रीय तथ्याङ्क विभाग